नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो

फोन: ९८५१२८६७७०
०१-५३११०४४

Email: cyberbureau@nepalpolice.gov.np

भोटाहिटी, काठमाडौं

मिति: २०८१-०४-२३ गते ।
ने.सं. ११४४ गुँलाथ्व ३ बुधबार

# प्रेस विज्ञप्ति

## कार्यरत कम्पनीमा Unauthorized Access गर्ने कर्मचारी पक्राउ ।

काठमाडौं नयाँ वानेश्वरस्थित सफ्टवयेर कम्पनीमा कार्यरत कर्मचारी समिर लुइटेलले कार्यालयले दिएको जिम्मेवारी माथि अपराधिक मनसाय राखेर अख्तियार दुरुपयोग गरी कार्य सम्पादन गरिरहेको सन्दर्भमा कम्पनीका तर्फबाट यस ब्यूरोमा निवेदन प्राप्त भए पश्चात् प्राविधिक विश्लेषण र अनुसन्धान गर्दा निजले व्यक्तिगत आर्थिक लाभका लागि अन्य कम्पनीहरूको Digital Marketing तथा SEO (Search Engine Optimization) जस्ता कार्यहरू गर्न आफू कार्यरत कम्पनीको सूचना प्रणाली लगायत Digital Resources हरूको दुरुपयोग गरेको विषयहरु खुल्न आएकोले जिल्ला मोरङ सुन्दर हरैचा नगरपालिका वडा नं.११ स्थायी वतन भई हाल काठमाण्डौ जिल्ला कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ९ पेप्सीकोला बस्ने बर्ष २८ को समिर लुईटेल उपर विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा मुद्दा दर्ता गरी ब्यूरोको टोलिले मिति २०८१/०४/२१ गते काठमाडौं बाट पक्राउ गरी सम्मानित जिल्ला अदालत काठमाडौंको आदेशले दिन ७ (सात) म्याद थप भई आवश्यक अनुसन्धान कार्य भइरहेको ।

उप-निर्देशक
(दिपक राज अवस्थी)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं. ९८५१२८६७७२